# मार्मा गाउँपालिका
# लटिनाथ, दार्चुला
## बार्षिक प्रगति समिक्षा २०८०/०८१मा पाल्नु हुने सम्पूर्णमा नमस्कार

बार्षिक प्रगति समिक्षा २०८०/०८१

प्रस्तुतकर्ता: मार्मा गाउँपालिका

कार्यक्रम संचालन मिति: २०८१/०४/३०/र३१

# मार्मा गा.पा.को परिचय

- मार्मा गाउँपालिका सुदूरपश्चिम प्रदेश दार्चुला जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । यो मार्मा गाउँपालिका दार्चुला जिल्लाको दक्षिण पुर्वी भागमा अवस्थित छ । यस मार्मा गाउँपालिकामा साविकका ५ वटा गा.वि.स.हरु (लटिनाथ, शेरी, तपोबन, गुल्जर (२-९) र सितोला (१-४ र ९ लाइ एकिकृत गरी ६ वटा वडाहरुमा विभाजन गरिएको छ । यस मार्मा गाउँपालिकाको पुर्वमा बझाङ्ग जिल्ला, पश्चिममा दार्चुलाको नौगाड गाउँपालिका तथा शैल्यशिखर नगरपालिका ,उत्तरमा अपिहिमाल गाउँपालिका र दक्षिणमा बैतडीको डिलाशैनी गाउँपालिका तथा बझाङ्गको बुङगल नगपालिका रहेको छ। यस मार्मा गाउँपालिकाको क्षेत्रफल २०८.०६ बर्ग कि.मि.रहेको छ। बि.स.२०७८ को जनगणना अनुसार यस मार्मा गाउँपालिकाको कूल जनसंख्या १५५८६ रहेको छ । जस घर संख्या २७०४ मा महिला ८०३५ र पुरुष ७५५१ रहेका छन

मार्मा गाउँपालिका सदरमुकामबाट लगभग १५ कोष टाढा रहेको छ । यस मार्मा गाउँपालिकामा विभिन्न जातजातीहरु रहेका छन । जसमा ब्रामण ( जोशी ,पन्त, ओझा, भट्ट ) , ठकुरी (सिंह) , क्षेत्री ( बिष्ट , महता , सितोली , डडाल , कोट्टारी,धामी, ठगुन्ना, भण्डारी,मन्याल, कार्की, महरा र रोकाया आदी ) , दलित ( टमटा, ओड, दमाइ, तिखाल, नेपाली, लुहार , कामी , वि.क. आदी ) तथा अन्य जात जातीहरु यस मार्मा गाउपालिकामा बसोबास गर्दै अएका छन ।

यस मार्मा गाउँपालिकाको बनावट भिरालो जमिन , समथर जमिन , उच्चा डाँडाहरु तथा विभिन्न पानीका मुहानहरु पनि रहेका छन । जस्तै चौलानी नदी , पारीबगरमा नौगाड खोला, घट्टेगाड खोला , तपोबन मर्मतीमा मेलेगाड खोला , शेरी मा रहेको कचुलीगाड खोला ,च्युरानीको दोगाडा खोला आदि पानीका श्रोतहरु रहेका छन । यस मार्मा गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरु पनि रहेका छन ।

जस मध्ये मार्मा गाउँपालिकाको सबै भन्दा अग्लो स्थानमा रहेको परमचुली धाम पनि एक हो । यस्तै दार्चुला जिल्लाकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल तपोबन तातोपानी, लटीनाथ बाबाको मन्दिर(तलाईमाण्डौ) लटीनाथ , मटेलाको मस्टा मन्दिर ,शेरीको क्वाकट्टे मन्दिर , गुल्जरको दुर्गाभवानी मन्दिर जस्ता थुप्रै धार्मीक तथा पर्यटकीय ठाउँहरु पनि यस मार्मा गाउपालिका भित्र रहेका छन । भोगौलिक हिसाबले विकट रहे पनि यो मार्मा गाउँपालिका प्राकृतिक रुपमा एकदमै सुन्दर र रमणीय ठाउँ रहेको छ ।

**प्रकृतिको अनुपम नमुनाको रुपमा जैविक विधितता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाती, भाषाभाषी तथा धर्मावलम्बिहरुको साझा बसोबास रहेको छ ।**

# दीर्घकालीन सोच

गाउँपालिका क्षेत्र भित्रमा भौतिक पुर्वाधारहरुको विकास गरी
आर्थिक, सामाजिक, सास्कृतिक एवम् प्रविधि क्षेत्रमा
रुपान्तरण गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि,सञ्चार,
सडक र विद्युतलाई उच्च प्राथमिकता दिई
स्व-रोजगार सिर्जना गर्ने |

# गाउँपालिकाको लक्ष्य

गाउँपालिकाको क्षेत्र भित्रका ग्रामिण सडकहरुलाई निरन्तरता एवम् विस्तार गर्दै खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य, कृषि उद्योग र पर्यटन क्षेत्रको विकास गरी सम्पूर्ण गाउँ बासीहरुको जीवन स्तरमा सुधार ल्याउने ।

# मार्मा गाउँपालिकाको उद्देश्य

- रोजगारी तथा आर्थिक बृद्धिका लागी प्रधानमन्त्री रोजगार तथा अध्यक्ष स्वरोजगार कार्यक्रम र कृषि कार्यक्रम मार्फत रोजगार सिर्जना गर्न तर्फ विशेष पहल गर्ने ।
- कृषिमा आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गराई कृषिमा अत्मनिर्भर तर्फ उन्मुख गर्ने ।
- दुग्ध, मासु र तरकारीमा आत्मनिर्भर बन्ने अभियान अन्तरगत कृषि कार्यक्रम मार्फत आलु पकेट क्षेत्र, ओखर पकेट क्षेत्र, माहुरी पकेट क्षेत्र र तरकारी पकेट क्षेत्र प्रभावकारी रुपमा गरि कार्यान्वयन गर्ने । भौतिक तथा आर्थिक पूर्वाधार बिकासका साथै प्रधानमन्त्री रोजगार तथा अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत गरिबी न्यूनिकरणमा विशेष जोड दिने।
- जेष्ठ नागरिक, एकल महिला, दलित, फरक क्षमता भएका ब्यक्ती, आदिबासी जनजाती, पिछ्डावर्ग तथा उपेक्षित क्षेत्रको विकासमा जोड दिइ समाबेशी विकासको अवधारणालाई निरन्तरता दिने ।

# .........उद्देश्य

- मार्मा गाउँपालिका अन्तरगत वडा नं. १ मा रहेको परमचुला धाम, वडा नं. ४ को तपोबन तातोपानी क्षेत्र, वडा नं. ३ को लटिनाथ मन्दिर क्षेत्र तथा अन्य धार्मीक तथा पर्यटकीय क्षेत्रहरुको विकास निर्माण कार्यलाई निरन्तरता दिई पर्यटन प्रर्बद्धनमा जोड दिने ।
- भ्रष्टाचारमा शुन्य सहनशिलताको निति अबलम्वन गरी गाउँपालिकालाई भ्रष्टाचार मुक्त गाउँपालिका बनाउने ।
- हाल निर्माणाधीन अवस्थामा रहेका खेल मैदानहरु सुबिधायुक्त बनाउने र नयाँ निर्माण हुने खेल मैदानहरुका लागि बजेटको व्यवस्थापन गरि कार्यान्वयनमा ल्याउने ।
- उज्यालो मार्मा कार्यक्रम अन्तर्गत पालिकाका ६ वटै वडामा बिजुलीबत्तीको बिस्तार भै रहेकोमा उक्त कार्यक्रमलाई चालु आ.व.मा समेत निरन्तरता दिई कार्यक्रम सम्पन्न गर्ने ।
- सामाजिक सुरक्षा भत्ता र बाल संरक्षण भत्ता वितरण प्रणाली लाई चुस्त दुरुस्त एवम सहज बनाउन बैकिंङ्ग प्रणालीबाट भत्ता उपलब्ध गराईने व्यवस्था मिलाउने ।
- उद्यम विकास कोष एवम स्व-रोजगार कोषको माध्यमबाट लघु उद्यम क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरी लघु उद्यमीहरुको क्षमता विकास एवम् वेरोजगार युवाहरुलाई लघु उद्यम मार्फत स्व-रोजगार तर्फ आकर्षित गर्ने।

# मार्मा गाउँपालिकाले आ.व.०८०/०८१मा मा सम्पन्न गरेका क्रियाकलाप बिवरण

# मार्मा गाउँपालिकाबाट हाल सम्म जारी भएका ऐन,नियम निर्देशिका र कार्यविधि:

- ऐन संख्या: २
- नियमावली संख्या: ०
- कार्यविधि संख्या:१४
- निर्देशिका संख्या: ०

हाल सम्म जारी भएका सवै ऐन नियमावलीहरु राजपत्रमा प्रकाशित भएका छन् ।

# कृषि तथा पशुपंक्षी तर्फ :

- कृषकहरुको लागत साझेदारीमा ५०% अनुदानमा तरकारी खेतीका लागि गा पा भरि २२ वटा प्लास्टिक घर निर्माण गरिएको।
- कृषकहरुको लागत साझेदारीमा ५०% अनुदानमा कृषि यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत गाउँपालिका भरि ९वटा मिनिटिलर, ४ वटा मल्टि क्रप थ्रेसर र ४वटा कर्न सेलर गरी जम्मा १७ वटा मेसिन वितरण गरिएको।
- कृषकहरुलाई ५०% अनुदानमा हाईब्रिड तथा उन्नत जातका तरकारीहरुको बिउबिजन वितरण गरिएको।
- यस मार्मा गाउँपालिका का वडा न. १,२, ३ र ४ मा १/१ वटा कृषक समुहलाई च्याउ खेती प्रविधि सम्बन्धी तालिम संचालन गरिएको।
- बालीहरुमा देखिने हानिकारक रोग किरा नियन्त्रणका लागि बाली संरक्षण सेवा अन्तर्गत कृषकहरुलाई बिषादी तथा तरकारीमा प्रयोग गर्ने भिटामिन वितरण गरिएको।

# निरन्तर:..............

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत ओखर पकेट निरन्तरता यस मार्मा गा पा वडा न ३ सल्लेथुमको श्री सृजनशील कृषक समुहसंग सम्झौता भई ७०० वटा ओखरका कलमी बोट लगाई सो बिरुवा सिचाईका लागि १ वटा सिचाई पोखरी समेत निर्माण भएको।
- साना सिचाई प्रवर्दन कार्यक्रम अन्तर्गत यस मार्मा गाउँपालिका भित्रका ६ वटै वडाहरुमा १/१ वटा सिचाई पोखरी निर्माण कार्य सम्पन्न भईसकेको।
- सुदूरपश्चिम प्रदेशको भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयको प्रादेशिक कृषि विकास रणनीति का लागि पालिका स्तरीय समिति गठन गरेको।
- तथ्याङक अध्यावधिक कार्यक्रम अन्तर्गत पालिका भित्र रहेका कुल घरधुरीहरु मध्ये १५% घरधुरीहरुबाट कृषि बालीहरुको उत्पादन परिमाण संकलन गरी तथ्याङक प्रबिष्ट गरेको।

# निरन्तर:.............

- मार्मा गा.पा. वडा नं. १ र २ मा समुहमा १० वटा उन्नत जर्सी गाई ढुवानि सहित खरिद गरी कार्यक्रम सम्पन्न ।
- मार्मा गा.पा. को वडा नं. १,३,५ र ६ को बाख्रा पालन फर्महरुमा ६ वटा वोका वितरण |
- मार्मा गा.पा. वडा नं. ३ मा रहेको श्री मिलीजुली भैंसि तथा शुपालनमा १ वटा भैंसी गोठ मर्मत तथा व्यवस्थापन गरी कार्यक्रम सम्पन्न ।
- मार्मा गा.पा. वडा नं. १ र ३ मा माछाको भुरा वितरण |
- मार्मा गा.पा. वडा नं. १ र ३ मा फर्ममा ३ वटा खोर निर्माण सम्पन्न |

# निरन्तरः.............

- २ वटा घरधुरिमा ५० प्रतिशत स्वलागानिमा खोर निर्माण |
- ७४ घरधुरिमा २० प्रतिशत स्वलागानिमा ११९ बाख्रा खरिद गरि वितरण |
- ८ वटा समुहमा उन्नत जातको वोका वितरण ।
- ७४ घरधुरिमा समुह तथा फर्महरुमा वितरण गरिएका बाख्राहरुलाइ आवश्यक औषधि वितरण |
- ७४ घरधुरिमा समुह तथा फर्महरुमा वितरण गरिएका बाख्राहरुलाई आवश्यक पर्ने नेपियर घास १०,०००|- सेट्स वितरण |
- ७४ घरधुरिमा पुग्ने गरि ५०० टयाग र टयाग मेसिन खरिद गरि बाख्राको पहिचानको लागि टयाग लगाईएको

# भौतिक पुर्वाधार तर्फः

✓ मार्मा गाउँपालिका अन्तर्गत बस्ती हरुमा सडकको पहुँच वृद्धि गर्ने उद्धेश्यले तपोवन मुर्रै निम्ठा सडकको ३० कि.मि. मध्ये बाट २ कि.मि. ट्रेक खोल्ने कार्य सम्पन्न, त्यसैगरी लटिनाथ,शारसी, बजानी, दुनि सडक खण्ड स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिएको छ | पारिबगड घोल्जर, परमचुला सडकमा थप १ कि.मि.२०० मिटर ट्रेक खोल्ने कार्य सम्पन्न गरिएको छ भने सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिएको छ |

✓ मार्मा गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको प्रशासकिय भवन निर्माण कार्य सम्पन्न गरि निर्माण कम्पनीद्वारा हस्तान्तरण समेत भई प्रशासकिय भवन मार्फत सेवा संचालनमा ल्याइएको छ |

✓लटिनाथ मा.बि. रस्कोट १४ कोठे बिद्यालय भवन निर्माण सम्पन्न गरिएको छ | सल्लेधार मा.बि. मुर्रै बिद्यालय १६ कोठे भवन निर्माण कार्य सम्पन्न भै बिद्यार्थी पठनपाठन कार्य संचालनमा ल्याइएको छ | सितोला स्वास्थ्य चौकी भवन निर्माण कार्य जारि रहेको छ वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्य ७०% सम्पन्न |

✓ लटिनाथ खेल मैदान (२००*८०) मिटर फिल्ड निर्माण गरिएको छ, मडबगड खेल मैदानको (१००*१००) मिटर फिल्ड निर्माण गरिएको छ |

# निरन्तर.............

✓गाउँ पालिकामा कृषि उत्पादनमा  वृद्धि तथा आय आर्जनमा सुधार ल्याउने उद्धेश्यले पालिका बिभिन्न वडामा ७४० मिटर सिचाई नहर निर्माण गरि १५० रोपनी सिचाई सुबिधा उपलब्ध गराइएको छ ।

✓ गाउँ पालिकामा बस्तिस्तरमा बाटो घाटो, पद मार्ग निर्माण गर्ने उद्धेश्यले १२२० मि.सोलिंग बाटो र २१३० मि. पी.सि.सि. बाटो निर्माण नयाँ घोरेटो बाटो कटिङ १३४० मिटर, ४ वटा विद्यालयमा फिल्ड तथा घेर पर्खाल


✓ झोलुंगे पुल तर्फ २ वटा झोलुंगे पुल निर्माण कार्य सम्पन्न ।

✓बिटुले पारि बगड सडक अन्तर्गत घट्टे खोला र नौ गाड खोला २ वटा मोटरेबल पुल निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याइएका छन ।

✓३ वटा लघु जल बिद्युत मर्मत गरि ६८७ घरधुरीमा बिजुली बत्तिको सेवा उपलब्ध गराइएको छ ।

✓२२ वटा सुधारिएको घट्ट निर्माण गरि संचालनमा रहेका छन ।

# योजनाहरुको क्षेत्र तथा स्थिति अनुसार बिवरण



# शिक्षा तर्फ

चालु आ.व. ०८०/०८१ मा वडा नं.१ दुर्गेश्वरी मा.बि. घोल्जरमा संघीय बिशेस कार्यक्रम अन्तर्गत १६ कोठे बिद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ | त्यसै गरि वडा नं.४ तपोवन मा.बि. पडपडामा नया भवन निर्माणका लागि शिलान्यास गरि डी. पि. सी. लेबल सम्म निर्माण गरि सकेको छ र निर्माण कार्य जारि रहेको छ | वडा ५ जन्निगाउँमा ६ कोठे दुइ तले बिद्यालय भवन निर्माण सम्पन्न भएको छ, त्यसै गरि वडा नं. ५ सिकु बस्तीमा शिशु कक्षा भवन पनि निर्माण कार्य सम्पन्न गरिएको छ | र वडा नं.४ बार्कुमा बिद्यालयमा भवन निर्माण गर्ने कार्य सम्पन्न भएको छ |

# निरन्तर........

- सल्लेधार मा.बि मुरैं बिद्यालयमा बिज्ञान प्रयोगशाला सामाग्री उपलब्ध गराईएको छ |
- महादेव आ.बि. मटेला आइ. सी. टि. सामाग्री उपलब्ध गराइएको |
- बिद्यालयहरुको पढाइ उपलब्धि मापन गरि थप पढाइको स्तरोन्नति गर्न बिभिन्न कार्यक्रम (शिक्षक अभिभावक बैठक, प्र.अ. बैठक, अंतर्पालिका भ्रमण लगायतका) संचालन गरिएको |
- सरसफाई अन्तर्गत बिध्यालयहरुमा जनचेतनामुलक कार्यक्रम संचालन गरिएको
- त्यसै अनुसार बिद्यालयहरुमा सेनिटरी प्याड र प्याड बिसर्जन उपकरण उपलब्ध गराइएको |

# स्वास्थ्य तर्फ

मार्मा गाउँपालिका अन्तर्गत वडा नं.२ घट्टेगाडमा १० शैय्या अस्पत्ताल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ, वडा नं. ५को मुरैं र वडा नं. ६ को निम्ठा बस्तिमा स्वास्थ्य चौकी भवन निर्माणाधीन अवस्थामा रहेका छन भने वडा नं. १, ४, र ५ मा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण कार्य सम्पन्न गरिएका छन लगत्तै सामुदायिक भवनबाट सेवा सुचारु गर्ने तयारि रहेको छ |

# खोप कार्यक्रम

| क्र. सं | कार्यक्रम | एकाई | अनुमानित लक्ष्य | प्रगती | प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | बि.सि.जि. खोप | जना | २८४ | २०१ | ७१ | |
| २ | जे.ई. खोप | जना | २७९ | २०१ | ७२ | |
| ३ | डि.पि.टि,हेप बि,हिप खोप तेश्रो | जना | २८४ | २०१ | ७१ | |
| ४ | दादुरा रूवेला ( ९- ११ महिना ) | जना | २८४ | २०१ | ७१ | |
| ५ | दादुरा रूवेला (१२- २३ महिना ) | जना | २८४ | २१५ | ७७ | |
| ६ | रोटा खोप ( दोश्रो मात्रा ) | जना | २८४ | २०५ | ७२ | |
| ७ | टि.डि. खोप गर्भवती ( प्रथम मात्रा) | जना | ४६० | १२६ | ८३ | |
| ८. | टि.डि. खोप गर्भवती ( दोश्रो मात्रा ) | | | १२५ | | |
| ९. | टि.डि. खोप गर्भवती (२ + मात्रा) | | | १३१ | | |

# सुरक्षित मातृत्व तथा परिवार स्वास्थ्य कार्यक्रम

| क्र.सं. | कार्यक्रम | एकाइ | अनुमानित लक्ष्य | प्रगती संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा प्रसुती | जना | २८६ | २०५ | ७२ |
| २ | स्वास्थ्य संस्थामा प्रसुती भएका महिलाले यातायात खर्च पाएको | जना | २०५ | २०५ | १०० |
| ३ | ४ पटक गर्भ जाँच (प्रोटोकल अनुसार) | जना | २०५ | १९० | ९२ |
| ४ | गर्भ जाँच प्रोटोकल बाहिर | जना | ० | १५ | - |
| ५ | १८० आइरन चक्कि खाने गर्भवती | जना | २८६ | २०१ | ७१ |
| ६ | भिटामिन ए पाएका सुत्केरी महिला | जना | २८६ | २०५ | ७२ |
| ७ | PNC Home Visit 24 hr. | जना | २८६ | २०५ | ७१ |

# महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम

| क्र.सं. | कार्यक्रम | एकाइ | अनुमानित लक्ष | प्रगती संख्या | प्रगती प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | भिटामिन ए पाएका ६-५९ म.का बावबालिका | जना | १७२९ | १४५२ | ८२ | |
| २ | जुकाको औषधि पाएका १३-५९ म. सम्मका वालवालिका | जना | १३९० | ११०८ | ८० | |
| ३ | स्वासप्रस्वास रोगका विरामी निमोनिया नभएका | जना | | ७४३ | | |
| ४ | झाडापखाला भएका विरामी | जना | | १६३ | | |
| ५ | आमा समुहको बैठक | संख्या | ४८० | ४२० | ८८ | |
| ६ | गर्भवती महिलालाई आइरन चक्कि बितरण तथा फलोअप | जना | ४८० | ३८५ | ८० | |

# खानेपानी तथा सरसफाई तर्फ

- हाल सम्म मार्मा गाउँपालिका अन्तर्गत रहेका जम्मा घरधुरी मध्ये ८०% घरधुरीमा खानेपानीको पहुँच पुगेकोमा आ.व. २०८०/०८१मा वडाका बिभिन्न बस्तीमा खानेपानी तथा सरसफाई योजना निर्माण एवम मर्मत सम्भार भएका छन् भने वडा नं. १ दह बस्तीमा करी ६५ घरधुरीमा शुद्ध खानेपानीको सुबिधा पुर्याइएको छ |
- त्यसै गरि वडा नं.४ को मर्मिति बस्तीमा १८४ घरधुरीमा खानेपानीको सुबिधा पुर्याइएको छ |
- बस्ति समुदायमा निर्माण गरिएका खानेपानी योजनाहरु एवम बाढी पहिरोबाट क्षतिग्रस्त योजनाहरुको मुहान संरक्षण, इन्टेक निर्माण, मर्मत सम्भार लगायत आवश्यक सहयोग |
- बस्ति समुदायमा रहेका घरधुरीहरुमा फोहर फाल्ने खाल्डो निर्माण, इन्सिनेटर निर्माण, तथा घरबारिको व्यवस्थापन गर्न प्रोत्साहन गरिएको छ |
- बिद्यालयमा शौचालय निर्माण गरि बिद्यालय सरसफाइमा ध्यान दिइएको छ |
- निर्माण सम्पन्न योजनाहरुको मर्मत सम्भार कार्यविधि अनुसार आवश्यक क्रियाकलाप संचालन गरिएका छन् |
- खानेपानी योजनाहरुको बार्षिक साधारण सभा गर्ने गरिएको छ |

# व्यक्तिगत घटना दर्ता तर्फ गरेका कार्य तथा प्रगति विवरण: -

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | १४४ | १११ | २५५ | १६ | १६ | ३२ | | ६३ | २ | ८ | १३ | ४३ | | ३६५ |
| २ | १२७ | १२२ | २४९ | २५ | १४ | ३९ | | ५२ | २ | २ | २४ | ७२ | | ३६६ |
| ३ | ९५ | ८० | १७५ | १६ | २२ | ३८ | १ | ४७ | ५ | ७ | ११ | ३७ | | २७७ |
| ४ | १२६ | १२२ | २४८ | १८ | ३१ | ४९ | | ७२ | २ | २ | २७ | ५७ | | ३९८ |
| ५ | १२० | ८३ | २०३ | १९ | १३ | ३२ | | ५६ | | | ८ | २३ | | २९९ |
| ६ | ११२ | १११ | २२३ | १२ | १० | २२ | | ६२ | | | ५ | १५ | | ३१२ |
| जम्मा | ७२४ | ६२९ | १३५३ | १०६ | १०६ | २१२ | १ | ३५२ | ११ | १९ | ८८ | २४७ | ० | २०१७ |
| | | | | | | | | | | | | | | |

# शिर्षक अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहि संख्या

| क.स. | शिर्षक | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | अन्य जेष्ठ नागरिक | ३९६ | ४२६ | ८२२ |
| २. | दलित जेष्ठ नागरिक | २८ | २१ | ४९ |
| ३. | एकल महिला | | ९४ | ९४ |
| ४. | विधवा | | १६६ | १६६ |
| ५. | पूर्ण अपाङ्गता भएका | २७ | २५ | ५२ |
| ६. | अति अशक्त अपाङ्गता | ३७ | २३ | ६० |
| ७. | बालबालिका | ९२ | ६८ | १६० |
| | जम्मा | ५८० | ८२३ | १४०३ |

# न्यायिक तर्फः

- न्यायिक समितिमा परेका जम्मा निवेदन हरुको संख्या - २९
- न्यायिक समितिले मेलमिलाप गराएका निवेदन हरुको संख्या - २१
- मेलमिलाप गराउन वाकी रहेका मेललिलापको प्रक्रियामा रहेका निवेदन हरुको संख्या – ८

**न्यायिक समितिमा परेका निवेदन हरुको बिषय**

- घरेलु हिंसा सम्बन्धी निवेदन संख्या - २
- ज्याला रकम असुली सम्बन्धी निवेदन संख्या - १
- अंसबन्डा सम्बन्धी निवेदन संख्या - १
- रकम असुली सम्बन्धी निवेदन संख्या - १५
- घर जग्गा खर खिचोला सम्बन्धी निवेदन संख्या - ५
- सहकारी भवन खालि गरिपाउ सम्बन्धी निवेदन संख्या – १
- ३३ के.भी.प्रशारण लाईनको संरचनाहरुको संरक्षण सम्बन्धी निवेदन संख्या १
- कुटपिट तथा धाकधम्कि सम्बन्धी निवेदन संख्या - १
- जानकारी सम्बन्धी निवेदन संख्या - २
- निवेदन दस्तुर वाफत राजस्व संकलन भएको रकम रु. ७,२५०

# आर्थिक प्रगति बिवरण:

Income &
Expenditure

# विपद तर्फः

- मार्मा गाउँपालिका अन्तर्गत वडा नं.४ र ५ का जम्मा ३५ घरधुरी पहिरो बाढी प्रभावित भएका छन |
- तपोवन, मुरैं, निम्ठा सडक निर्माणका क्रममा निस्केको माटोले गर्दा बाढी आएकोले मार्मा गाउँपालिका, CRDS-Nepal/OXFAM, Redcross ले निजहरुलाई खाध्य तथा गैर खाध्य सामाग्री उपलब्ध गराएको छ |
- बाढी प्रभावितहरुको पुनर्बास, पुनर्स्थापना लगायत प्रबलिकरण गर्न आवश्यक पर्ने बजेट सहितको प्रतिबेदन तयार पारि सम्बन्धित निकायमा पेश गर्ने तयारि रहेको छ |

# सामाजिक समावेशीकरण

| क्र.स. | पद | पुरुष | महिला | दलित | आदिवासी | जनजाती | मधेसी | मुश्लिम | अपाङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | १२५ | २५ | ९ | - | - | - | - | - |
| २ | उपाध्यक्ष | ४ | १ | - | - | - | - | - | - |
| ३ | कोषाध्यक्ष | २० | १०९ | ९ | - | - | - | - | - |
| ४ | सचिब | ८४ | ५४ | ७ | - | - | - | - | - |
| ५ | सदस्य | २९४ | ३५४ | ४० | - | - | - | - | - |

# चुनौती

- समुदाय बस्तिको माग अनुसार कार्यक्रमको सम्बोधन गर्न बजेटको अभाव
- समय समयमा कर्मचारीहरुलाई समय सापेक्ष अपडेट गर्न नसक्नु ।
- भौगोलिक विकटता, बाटोघाटोको अभाव ।
- रोजगारउन्मुख सिपमुलक शिक्षा तथा तालिमको बिकाश गर्न नसक्नु
- उत्पादित बस्तु तथा बजारको व्यवस्थापन ।
- सबै बस्तीमा सडक यातायातको पहुँच नपुग्नु ।
- युवा जनशक्तिलाई व्यवसायीकरण तर्फ आकर्षित गर्न नसक्नु ।
- निर्माण सम्पन्न भएका पुर्बाधारको नियमित मर्मत सम्भार हुन् नसक्नु ।
- संचार सेवा प्रभावकारी हुन नसक्नु ।
- स्थानीय उत्पादित बस्तुले किसानको माग अनुसार मुल्य नपाउनु ।
- प्राकृतिक विपद तथा मनसुन समयमा जनधनको क्षति ।
- सार्बजनिक पूर्वाधार निर्माण गर्दा श्रोत तथा जमिनमा आउने विवाद ।
- चेतनास्तरको अभाव ।

# अवसर

- २२ वटा एकल अधिकार सहितको बिबिध साझा अधिकार किटान हुनु ।
- आवश्यक्स्तानुसार आफैले बिभिन्न ऐन कानुन नीति निर्माण गर्न पाउनु र निर्माण गरि रहेको ।
- बिकाश निर्माणका लागि बजेट तथा कार्यक्रम आफै निर्माण गर्न पाउनु ।
- पालिका भित्र भौगोलिक तथा सांस्कृतिक बिबिधता भएको ।
- वडा तथा बस्तिहरुमा यातायात तथा संचारको पहुँच बिस्तार हुदै जानु ।
- स्थानीय श्रोत साधनको प्रयोग ।

# Photo Album

by Ramesh



उपभोक्ता समिति पदाधिकारी तालिम (1)



उपभोक्ता समिति पदाधिकारी तालिम (2)



खानेपानी धारा अनुगमन गर्दै



खानेपानी धारा अनुगमन



खानेपानी RVT




खानेपानी तथा शौचालय दह



खानेपानी धारा नमुना



खानेपानी धारा संगै फोहर फाल्ने टिनको बट्टा



खेलकुद मैदान तपोवन पडपडा



खेलकुद मैदान



चिउरी हर्बल (2)



चिउरी हर्बल (3)



चिउरी हर्बल (8)




चिउरी हर्बल (16)




चिउरी हर्बल (17)



पुनर्स्थापना (1)



पुनर्स्थापना (2)



पुनर्स्थापना (3)



पुनर्स्थापना (4)



पुनर्स्थापना (5)



पुनर्स्थापना (6)




पोषण सप्ताह (1)



पोषण सप्ताह १



बिद्यालय घोल्जर (1)



बिद्यालय घोल्जर (2)



बिद्यालय जननी गाउँ



बिदयालय जन्नीगाउँ (1)



बिद्यालय जन्नीगाउँ (4)



बिद्यालय बार्कु (1)



बिद्यालय बार्कु (2)



बिद्यालय बार्कु (3)



बिद्यालय बार्कु (4)



बिद्यालय लटिनाथ आ.बि. जुड़े




बिद्यालय ल्याब  सल्लेधार मा.बि.



बिद्यालय ल्याब  सल्लेधार मा.बि




बिद्यालय ल्याब  सल्लेधार मा.बि



बिद्यालय हंस्बाहिनी आ.बि. ओडीखेत



वडा नं. ५ गन्याडमा विपद अवस्था (1)



वडा नं. ५ गन्याडमा विपद अवस्था (2)



वडा नं. ५ गन्याडमा विपद अवस्था (3)



वडा नं. ५ गन्याडमा विपद अवस्था (4)



वडा नं. ५ गन्याडमा विपद अवस्था (5)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याडमा विपद अवस्था (1)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याडमा विपद अवस्था (2)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याडमा विपद अवस्था (3)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याडमा विपद अवस्था (4)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याडमा विपद अवस्था (5)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याडमा विपद अवस्था (6)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याङमा विपद अवस्था (7)



वडा नं.४ मर्मति र वडा नं. ५ गन्याङमा विपद अवस्था (8)



सडक घोल्जर १



सडक घोल्जर



सडक घोल्जर्र



सडक तपोवन निम्ठा र खेल मैदान



सडक तपोवन मुर्राई



सडक शारसी बजानी



स्वास्थी १० शैय्या अस्पताल (1)



स्वास्थी १० शैय्या अस्पताल (2)



स्वास्थ्य इकाई तोलिमांडू (1)



स्वास्थ्य इकाई जन्नी गाउँ (1)



स्वास्थ्य इकाई तोलिमांडू



स्वास्थ्य इकाई तोलिमांडू



स्वास्थ्य इकाई तोलिमांडू



स्वास्थ्य इकाई दह



ब[illegible]ेबला बाटो निर्माण



मल्लि च्युरानी गाराप सिचाई



गडेनी नहर निर्माण



ताकु घट्ट शौचालय निर्माण (1)



ताकु घट्ट शौचालय निर्माण (2)



बिद्यालय बेन्च डेस्क निर्माण



वडा नं.१ घट्ट ग्याबिन निर्माण



वडा नं.१ घट्ट निर्माण (1)



वडा नं.१ घट्ट निर्माण (2)



वडा नं.१ सिचाई निर्माण (1)



वडा नं.१ सिचाई निर्माण (2)

# सुझाव सल्लाह को अपेक्षा गरिन्छ

# धैर्यताको लागि धन्यबाद